# श्री समरपन सामुदायिक वन उपभोक्ता समूह

## हरहरपुरगढी गाउँपालिका-६, सिन्धुली

## काठ दाउरा लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना

**श्री सौर्य दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति : २०८३/०५/३०**

बाबुलाल घिसिङ
अध्यक्ष

यस सा.व.उ.स.को स्वीकृत विधान तथा वन कार्ययोजना अनुसार समूहको निर्णय अनुसार श्री डिभिजन वन कार्यालय मरिण, सिन्धुलीको च.नं. ४६४. मिति २०८३/०५/२५ गतेको लिलाम सहमति पत्र अनुसार तपसिल बमोजिमको लट नं., जात, थान, परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा समूह बाहिर लिलाम बिक्री गर्न नत समर्थन भई आएको हुँदा देहाय बमोजिमको वन पैदावार तपसिलमा उल्लेखित मूल्यमा नघटाई निम्न लिखित शर्त एवं योग्यता भएका बोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस समूहले जारी गरेको बोलपत्र खरिद गरी २२ औं दिनमा दिनको १२:०० बजे भित्र फारम भरी लट वाइज शिलबन्दी खाममा राखी बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारी लिनु परेमा समूहको कार्यालयमा सम्पर्क राख्न जानकारी गराइन्छ।

क) लिलाम हुने वन पैदावारको विवरण

| लट नं. | जात | ए ग्रेड | | बि ग्रेड | | सि ग्रेड | | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | | |
| १ | साल | ८ | १२३.३५ | १८ | २११.६४ | २७ | २९६.९७ | ५२२८४५.५० | आ.व. २०८१/०८२ को आपूर्ति |
| कुल जम्मा थान- ५३ को ६३१.९६ क्यू.फिट | | | | | | | | | |

ख) बोलपत्रका शर्त तथा नियमहरू

१. **योग्यता र आवश्यक कागजातः** लिलाममा भाग लिने क्रममा बोलपत्र फारम खरिद गर्दा तथा शिलबन्दी बोलपत्र बुझाउँदा वन नियमावली २०७९ को नियम २५(३) अनुसार र नियम १२८ बमोजिम सूचीकृत भएका काठ दाउरामा आधारित उद्योगले मात्र खरिद गर्न सक्नेछन्। उक्त उद्योगले आयकर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्बर (**PAN**) भएको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि, फर्म नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसहितको कागजात बोलपत्र साथ अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

२. **फारम खरिद र दर्ता मितिः** सूचना प्रकाशित भएको मितिदेखि २१औं दिन (२०८३/०६/१९ गते) कार्यालय समयभित्र लट नं. १ को रु. १,०००/- दस्तुर बुझाई बोलपत्र सा.व.उ.स. र डि.व.का. मरिणबाट खरिद गरी २२औं दिन (२०८३/०६/२० गते) दिनको **१२:०० बजेसम्म** सोही निकायमा दाखिला गर्न सकिनेछ।

३. **धरौटी रकमः** बोलपत्र साथ सकार रकमको **१०%** धरौटी बापतको रकम श्री **राष्ट्रिय बाणिज्य बैंक सिन्धुलीको चल्ती खाता नं. १०६०१००००६७३८००१** मा जम्मा गरेको सक्कल भौचर वा **कम्तीमा ६ (छ)** महिना अवधि भएको सक्कल बैंक ग्यारेन्टी पेस गर्नुपर्नेछ।

४. **बोलपत्र खोल्ने प्रक्रियाः** डिभिजन वन कार्यालय मरिण, सिन्धुलीबाट बिक्री तथा दाखिला भएका बोलपत्र समूहको कार्यालयमा प्राप्त भएपश्चात् स्थानीय निकायका प्रतिनिधि, सब डि.व.का. प्रतिनिधि, काष्ठ व्यवसायी प्रतिनिधि, समूहको पदाधिकारीहरू समेतको रोहवरमा समूहको कार्यालयमा बोलपत्र खोलिनेछ।

५. **सार्वजनिक बिदा परेमाः** बोलपत्र खरिद, दाखिला तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सोही समयमा खरिद, दाखिला तथा खोलिनेछ र बोलपत्र सम्बन्धी विवाद भएमा सो को अन्तिम टुंगो कार्यसमितिले लगाउनेछ।

६. **रकम बुझाउने म्यादः** लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले **४५ दिनभित्र** सकार गरेको मूल्य, संकलन खर्च, राजस्वहरू तथा मू.अ.कर (**VAT**) बुझाउनुपर्नेछ। अन्यथा नियमानुसार भई जानेछ।

७. **सकार अंक र अक्षरः** बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

८. **अधिकार निहितः** बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस सा.व.उ.स.मा निहित रहनेछ।

९. **कानुनी व्यवस्थाः** उपर्युक्त वन पैदावार बिक्री एवं निकासी सम्बन्धी अन्य कुराहरू प्रचलित ऐन नियम निर्देशिका बमोजिम हुनेछ।

१०. **अन्य शुल्कः** उल्लेखित काठ दाउराको संकलन, घाटगद्दी तथा ढुवानी खर्च बापतको रकम प्रचलित जिल्ला दररेट अनुसार छुट्टै जम्मा गर्नुपर्नेछ।

११. **थप जानकारीः** विस्तृत जानकारीका लागि समूहको कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्नुहोला।